# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड ७)  बेसीशहर, माघ ७ गते, २०८१ साल (संख्या १०**

**भाग १**

**<u>बेसीशहर नगरपालिका</u>**

**<u>नगर कार्यपालिकाको सूचना</u>**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदाफा (१) बमोजिम बेसीशहर नगरपालिकाको मिति २०८१/१०/०७ को १६ औँ नगरसभाले तल लेखिए बमोजिमको ऐन बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## बेसीशहर नगरपालिकाको केही ऐनहलाई संसोधन गर्ने ऐन, २०८१

**प्रस्तावना :** नेपालको संविधानको धारा, ५७ को उपधारा ४, धारा २२१, २२६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि हालसम्म बेसीशहर नगरपालिकाले बनाएका केही ऐनहरुमा संसोधन गर्न बाञ्छनीय भएकोले,

बेसीशहर नगरपालिकाको १६ औँ नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम “**बेसीशहर नगरपालिकाको केही ऐनहलाई संसोधन गर्ने ऐन, २०८१**” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **बेसीशहर नगरपालकाको विपत जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७५ मा संसोधन :** बेसीशहर नगरपालकाको विपत जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७५ को,

(१) मुल ऐनको दफा (३) को, सट्टा देहाय बमोजिमको दफा (३) राखियो।

३. **<u>नगर विपद् व्यवस्थापन समिति</u>:** (१) नगरपालिका भित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न एक नगर विपद् व्यवस्थापन समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ:-

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) विषयगत समितिका संयोजकहरु - सदस्य

(ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(च) सामाजिक शाखा प्रमुख - सदस्य

(छ) पूर्वाधार विकास शाखा प्रमुख - सदस्य

(ज) जिल्ला प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि - सदस्य

(झ) नगर प्रहरी प्रमुख - सदस्य

(ञ) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१ जना) - सदस्य

(ट) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना) - सदस्य

(ठ) विपद् व्यवस्थापन हेर्ने गरि तोकिएको शाखा प्रमुख - सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिले संघीय ऐनको दफा १७ बमोजिमको स्थानीय विपद् व्यवस्थापन समितिको रूपमा समेत काम गर्नेछ।

३. **बेसीशहर नगरपालिकाको सहकारी ऐन, २०७४ मा संसोधन :** बेसीशहर नगरपालिकाको सहकारी ऐन २०७४ को,

(१) मुल ऐनको दफा (६) को,

(क) उपदफा (१) को खण्ड (ग) पछी देहायको खण्ड थप गरिएको छ।

(घ) तोकिए बमोजिम अन्य आधारहरु पुरा भएको।

(ख) उपदफा (३) दर्ता भएको मानिनेछ पछि **"र यो ऐन प्रारम्भ भएको मितिले १ वर्ष भित्र त्यस्ता सहकारी संस्थाले यस ऐन बमोजिम दर्ता अधिकारी समक्ष आफ्नो दर्ता प्रमाणपत्र र अन्य विवरण सहित अनुसूची-१ को ढाँचामा दर्ता अधिकारी समक्ष निवेदन पेश गरि अध्यावधिक गर्नुपर्नेछ।"** भन्ने वाक्यांस थप गरिएको छ।

(२) मुल ऐनको अनुसूची १ र २ को ठाउँमा देहाय बमोजिमको अनुसूची १ र २ राखियो।

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

दर्ता दरखास्तको निवेदन

मिति : २०........ । ....... ।......

श्री दर्ता गर्ने अधिकारी ज्यू !
बेसीशहर नगरकार्यपालिकाको कार्यालय,
बेसीशहर, लमजुङ ।

**विषय: सहकारी संस्थाको दर्ता ।**

महोदय,

हामी देहायका व्यक्तिहरूको देहायको सहकारी संस्था दर्ता गरि पाउन तपसिल बमोजिमके बिवरण तथा अन्य कागजात सहित सहकारी ऐन, २०७४ को दफा ५ को उपदफा (१) बमोजिम यो निवेदन पेश गरेका छौ । उद्देश्य अनुरुप संस्थाले तत्काल गर्ने कार्यहरुको योजना र प्रस्तावित संस्थाको बिनियम दुई प्रति यसै यसै साथ संलग्न राखी पेस गरेका छौँ।

(१) संस्था सम्बन्धी विवरण

(क) प्रस्तावित संस्थाको नाम :–

(ख) ठेगाना :–

(ग) उद्देश्य :–

(घ) मुख्य कार्य:

(ङ) कार्यक्षेत्र:

(च) दायित्व:–

(छ) सदस्य सङ्ख्या:

(१) महिला ........ जना

(२) पुरुष ......... जना

(ज) प्राप्त सेयर पुँजीको रकम :

(१) चुक्ता पूँजी: (२) कूल पूँजी:

(झ) प्रवेश शुल्क बापत रकम:

(२) यो ऐन लागु हुन पूर्व दर्ता भएका सहकारी संस्थाले यस ऐनको दफा १३ को उपदफा (३) बमोजिम अध्यावधिक हुनको लागि दिने निवेदनमा बुँदा नं. (१) का कुराका अतिरिक्त देहायका विवरण समावेश गर्नु पर्नेछ :

(क) दर्ताको प्रमाणपत्र

(ख) बिनियम

(ग) अन्य आवश्यक बिवरण

निवेदक:

अनुसूची-२
(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)
**संस्था दर्ता प्रमाण–पत्रको नमुना**
बेसीशहर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
सहकारी संस्था दर्ता/अध्यावधिक प्रमाण–पत्र

दर्ता नं. :
दर्ता मिति:

बेसीशहर नगरपालिका सहकारी ऐन, २०७५ को दफा (६) बमोजिम श्री ... ............. ... ... ................................ ... ... ... ... ... ... ... लाई सीमित दायित्व भएको सहकारी संस्था/संघ लि. दर्ता/अध्यावधिक गरी स्वीकृत विनियम सहित यो प्रमाण–पत्र प्रदान गरिएको छ।

सहकारी संस्थाको वर्गीकरणः ... ... ... ... ... ... ... ...
सहकारी संस्थाको कार्यक्षेत्र ... ... ... ... ... ... ... ...
सहकारी संस्थाको दर्ताको आधार ... ... ... ... ... ... ... ...

**दर्ता गर्ने अधिकारीको:-**
दस्तखतः
मिति:
नाम:
दर्जा:
कार्यालयको छाप:
**नोट:**
(१) बेसीशहर नगरपालिका सहकारी ऐन, २०७५ को दफा ६ (३) बमोजिम मिति ........................मा श्री ................ ... ... ........... लाई दर्ता/अध्यावधिक गरि यो प्रमाणपत्र प्रदान गरिएको छ।
(२) संस्थाको बिनियममा उल्लेखित कार्यहरु गर्न प्रचलित कानूनहरुले इजाजत लिनुपर्ने भएमा सम्बन्धित निकायबाट इजाजत लिनुपर्नेछ। साथै सम्झौता गरि कारोवार गर्नुपर्ने भएमा सम्झौता गरि सोको लिखत जानकारी गराए पछि मात्र कारोबार गर्न सकिन्छ।

आज्ञाले,
चेतनाथ अर्याल
प्रमुख प्रशासकिय अधिकृत

**मुद्रक:** बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय। मूल्य रु.५।–